प्रति साधारण शेयर रु.१००/- अंकित दरको २४,३०,०९३.७५ कित्ता साधारण शेयरहरुको हकप्रद निष्काशन ।

श्री एनएमबि लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०७६/०७/०६ गतेसम्म कायम शेयरधनीहरुको लागि एक शेयर बराबर एक दशमलव पाँच शेयर (१ : १.५) को अनुपातमा रु.१००/- अंकित दरको २४,३०,०९३.७५ कित्ता हकप्रद साधारण शेयर यहि मिति २०७६/०७/२४ गते आइतबारका दिनदेखि निष्काशन तथा बिक्री खुल्ला गरिने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

एनएमवि लघुवित्त वित्तीय संस्था लि.
NMB Laghubitta Bittiya Sanstha Ltd.
नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था (राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)
कास्की जिल्ला, पोखरा महानगरपालिका, वडा नं. २५, मिलन चोक
फोन नं: ९७७-०६१-४००४२७/४००४७७, फ्याक्स नं: ९७७-०६१-४००४२८
URL: www.nmbmicrofinance.com, Email: info@nmbmicrofinance.com

को

हकप्रद शेयर निष्काशन सम्बन्धी सूचना

हकप्रद शेयरको बिक्री खुल्ला हुने अवधि

निष्काशन खुल्ला हुने मिति: २०७६/०७/२४
निष्काशन बन्द हुने मिति : २०७६/०८/२५
(बैंकिङ्ग समय पश्चात्)

दरखास्तसाथ प्रति साधारण शेयर रु.१००/- का दरले भुक्तान गर्नुपर्ने ।

१ : १.५ को अनुपातमा (अर्थात विद्यमान १ कित्ता साधारण शेयर बराबर १.५ कित्ता शेयरका दरले) शेयरधनीहरुलाई हकप्रद शेयर निष्काशन गर्नको लागि प्रकाशित ।

श्री नेपाल धितोपत्र बोर्डबाट विवरणपत्र स्वीकृत मिति २०७६/०६/१५ ।

१. संगठित संस्थाको नाम :

एनएमबि लघुवित्त वित्तीय संस्था लि.(NMB Laghubitta Bittiya Sanstha Ltd.)

२. संगठित संस्थाको रजिष्टर्ड कार्यालय:

यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय कास्की जिल्ला, पोखरा उपमहानगरपालिका वडा नं. २५, मिलनचोकमा रहेको छ ।

३. संगठित संस्थाको कारोवार स्थान :

यस वित्तीय संस्थाको कारोवार स्थान २५ जिल्ला कास्की, पर्वत, म्याग्दी, मुस्ताङ, मनाङ, लमजुङ, गोरखा, रसुवा, नुवाकोट, दोलखा, सिन्धुपाल्चोक, रामेछाप, सोलुखुम्वु, ताप्लेजुङ, संखुवासभा, भोजपुर, ओखलढुङ्गा, खोटाङ, रुकुम, तनहुँ, धादिङ्ग, इलाम, पाँचथर, तेह्रथुम र धनकुटा जिल्ला रहेको छ र आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्वीकृति लिई यस माईक्रोफाइनान्स वित्तीय संस्थाले आफ्नो कार्यक्षेत्र भित्रमा शाखा, उपशाखा वा अन्य कार्यालय खोली कारोवार गर्न सकिनेछ ।

क्र.स.	शाखाको नाम	शाखा रहेको स्थान	क्र.स.	शाखाको नाम	शाखा रहेको स्थान	क्र.सं	शाखाको नाम	शाखा रहेको स्थान
१	एनएमबि लघुवित्त वित्तीय संस्था लिमिटेड, केन्द्रिय कार्यालय	हेम्जा, पोखरा, कास्की,	३५	चौरजहारी शाखा कार्यालय	चौरजहारी २, रुकुम	६९	सलकपुर शाखा कार्यालय	सुन्दरपुर ७, मोरङ
२	हेम्जा शाखा कार्यालय	हेम्जा ५, कास्की	३६	सत्रसय शाखा कार्यालय	आँबुखैरेनी १, तनहुँ	७०	लवीपुर शाखा कार्यालय	रामगन्जसेनुवारी ३, सुनसरी
३	उदीपुर शाखा कार्यालय	उदीपुर ४, लमजुङ	३७	कुम्पुर शाखा कार्यालय	कुम्पुर ३, धादिङ्ग	७१	मोतीगाढा शाखा कार्यालय	त्रीजुगा ३, मोतीगाढा
४	मनकामना शाखा कार्यालय	मनकामना १, गोरखा	३८	नलाङ शाखा कार्यालय	कुम्पुर ७, धादिङ्ग	७२	पडरीया शाखा कार्यालय	लहान १२, सिराहा
५	गलेश्वर शाखा कार्यालय	घटान ६, म्याग्दी	३९	जिरिखिम्ती शाखा कार्यालय	जिरिखिम्ती १०, तेह्रथुम	७३	भीमान शाखा कार्यालय	कमलामाई ११, सिन्धुली
६	मैनापोखरी शाखा कार्यालय	काब्रे ३, दोलखा	४०	दानावारी शाखा कार्यालय	दानावारी १, ईलाम	७४	ढल्केवर शाखा कार्यालय	ढल्केवर ५, धनुषा
७	खाडीचौर शाखा कार्यालय	मान्खा १, सिन्धुपाल्चोक	४१	राँके शाखा कार्यालय	चमैता १, ईलाम	७५	गौरीडाँडा शाखा कार्यालय	बर्दिबास १, महोत्तरी
८	बेत्रावती शाखा कार्यालय	लहरेपौवा १, रसुवा	४२	गोपेटार शाखा कार्यालय	पन्चमी १ पाँचथर	७६	कदमाहा शाखा कार्यालय	शंकरपुर ४, सप्तरी
९	धुन्चे शाखा कार्यालय	धुन्चे ५, रसुवा	४३	आठराई शाखा कार्यालय	संक्रान्तीबजार १, तेह्रथुम	७७	शान्तीबजार शाखा कार्यालय	गुलरीया ३, बर्दिया
१०	जोमसोम शाखा कार्यालय	जोमसोम ५, मुस्ताङ्ग	४४	तीनघरे शाखा कार्यालय	सुर्योदय ३, ईलाम	७८	शक्तीबजार शाखा कार्यालय	टिकापुर ७, कैलाली
११	चामे शाखा कार्यालय	चामे ८, मनाङ्ग	४५	बिब्ल्याते शाखा कार्यालय	बरबोटे १ ईलाम	७९	चाँदनीदोधारा शाखा कार्यालय	महेन्द्रनगर ६, कञ्चनपुर
१२	सल्लेरी शाखा कार्यालय	सल्लेरी ५, सोलुखुम्ब,	४६	देब्रेवास शाखा कार्यालय	धनकुटा ४ धनकुटा	८०	गोकुलेश्वर शाखा कार्यालय	डिलाशैनी ६, बैतडी
१३	पुम्दीभुम्दी शाखा कार्यालय	पुम्दीभुम्दी १, कास्की	४७	सिधुवा शाखा कार्यालय	परेवादिन १, धनकुटा	८१	दार्चुला शाखा कार्यालय	मलिकार्जुन ५, दार्चुला
१४	भरतपोखरी शाखा कार्यालय	भरतपोखरी ३, कास्की	४८	भेडेटार शाखा कार्यालय	भेडेटार १, धनकुटा	८२	चैनपुर शाखा कार्यालय	चैनपुर ९, बझाङ
१५	ताप्लेजुङ्ग शाखा कार्यालय	फुङलिङ ५, ताप्लेजुङ	४९	खैरेनीटार शाखा कार्यालय	शुक्लगण्डकी १०, तनहुँ	८३	सिन्जा शाखा कार्यालय	नरकोट ३, जुम्ला
१६	ग्यादी शाखा कार्यालय	कटुवा चौपारी ८, पर्वत	५०	तालघरे शाखा कार्यालय	ब्यास १, तनहुँ	८४	दुल्लु शाखा कार्यालय	दुल्लु ४, दैलेख
१७	नयाँपुल शाखा कार्यालय	सल्यान ८, कास्की	५१	रामबजार शाखा कार्यालय	कराँपु ६, लमजुङ	८५	शमशेरगंज शाखा कार्यालय	शमशेरगंज ८ बाँके
१८	गँगटे शाखा कार्यालय	जिलिङ ३, नुवाकोट	५२	दरबाङ उपशाखा कार्यालय	दरबाङ, म्याग्दी	८६	बाहुनी शाखा कार्यालय	बेलबारी ८ मोरङ
१९	खरानीटार शाखा कार्यालय	नर्जमन्दाप २, नुवाकोट	५३	घारा उपशाखा कार्यालय	दाना ६, म्याग्दी	८७	पुष्पलालचौक शाखा कार्यालय	बुद्धनगर १, मोरङ
२०	छहरे शाखा कार्यालय	तान्सिङ १, नुवाकोट	५४	खोलागाउँ उपशाखा कार्यालय	खोलागाउँ ११, रुकुम	८८	औराबनी शाखा कार्यालय	गौतमपुर २, सुनसरी
२१	मेलम्ची शाखा कार्यालय	शीखरपुर ३, सिन्धुपाल्चोक	५५	झुल्नेटा उपशाखा कार्यालय	झुला ४, रुकुम	८९	मधुबन शाखा कार्यालय	भरौल २, सुनसरी
२२	सिङगटी शाखा कार्यालय	लादुक ८, दोलखा	५६	मुक्तिनाथ उपशाखा कार्यालय	मुक्तिनाथ १, मुस्ताङ	९०	बिरेन्द्रबजार शाखा कार्यालय	शम्भुनाथ ६, सप्तरी
२३	मन्थली शाखा कार्यालय	खिम्तिबेशी २, रामेछाप	५७	लालपुर शाखा कार्यालय	कृष्णपुर ७, कञ्चनपुर	९१	विष्णुपुरा शाखा कार्यालय	विष्णुपुरा १, सिराहा
२४	काँहु शाखा कार्यालय	काँहु १, कास्की	५८	साडेपानी शाखा कार्यालय	साडेपानी ६, कैलाली	९२	तारापट्टी शाखा कार्यालय	मिथिलेस्वरनीकास ७, धनुसा
२५	भच्छेक शाखा कार्यालय	मुचोक ६, गोरखा	५९	कञ्चनपुर शाखा कार्यालय	ठाकुरद्वारा ३, कञ्चनपुर	९३	लोहारपट्टी शाखा कार्यालय	लोहारपट्टी ६, महोत्तरी
२६	चौतारा शाखा कार्यालय	सँगचौक ४, सिन्धुपाल्चोक	६०	बनकटवा शाखा कार्यालय	बनकटुवा ५, बाँके	९४	ईश्वरपुर शाखा कार्यालय	ईश्वरपुर ६, सर्लाही
२७	माम्लीङ शाखा कार्यालय	माम्लिङ ५, शंखुवासभा	६१	जहरे शाखा कार्यालय	जरबुटा ९, जहरे	९५	विर्ताचौक शाखा कार्यालय	गरुडबैरिया ८, रौतहट
२८	देबिटार शाखा कार्यालय	फुलसी १, रामेछाप	६२	गढवा शाखा कार्यालय	गढवा ६, दाङ	९६	डुमरबोना शाखा कार्यालय	जीतपुरभवानीपुर १५, बारा
२९	तुम्लिङटार शाखा कार्यालय	खाँदबारी १३, शंखुवासभा	६३	ओदारी शाखा कार्यालय	बनगंगा ११, कपिलवस्तु	९७	बरीयारपुर शाखा कार्यालय	गढहाल २, बारा
३०	भोजपुर शाखा कार्यालय	भेजपुर ७, भोजपुर	६४	वालिङ शाखा कार्यालय	वालिङ १, स्याङ्जा	९८	मनवाबजार शाखा कार्यालय	परसौनीवीर्ता १, पर्सा
३१	दिक्तेल शाखा कार्यालय	दिक्तेल १, खोटाङ	६९	सराई शाखा कार्यालय	मस्यम १, पाल्पा	९९	बिजौरी शाखा कार्यालय	तुल्सिपुर १९, दाङ
३२	हलेसी शाखा कार्यालय	महादेवस्थान ४, खोटाङ	७०	अमुवा शाखा कार्यालय	अमुवा १, रुपन्देही	१००	सोताङ शाखा कार्यालय	सोताङ, सोलुखुम्बु
३३	ओखलढुङ्गा शाखा कार्यालय	सिद्धीचरण ४, ओखलढुङ्गा	६७	अरुणखोला शाखा कार्यालय	अमरपुरी १, नवलपरासी	१०१	सूर्यपुरा शाखा कार्यालय	सूर्यपुरा ६, रुपन्देही
३४	मुसिकोट शाखा कार्यालय	मुसिकोट १, रुकुम	६८	खोलेसिमल शाखा कार्यालय	अयोध्यपुरी १, चितवन			

४. संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :

संगठित संस्थाको संक्षिप्त परिचय :

यस वित्तीय संस्था कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६९/०१/२० मा नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेड कम्पनीको रुपमा दर्ता भएको हो । बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अनुसार मिति २०६९/११/२० मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न स्वीकृति प्राप्त गरी "घ" वर्गको वित्तीय संस्थाको हैसियतले २०६९/१२/१८ गतेदेखि बैंकिङ्ग कारोवार सञ्चालन गर्दै आएको छ ।

संगठित संस्थाको उद्देश्य :

यस वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ४ तथा नियमावलीको नियम ४ मा उल्लेख गरिए बमोजिम नेपाल राष्ट्र बैंक ऐन २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी कानुन तथा अन्य प्रचलित कानुनको अधीनमा रही वित्तीय कारोवार गर्ने यस वित्तीय संस्थाको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छ :-

(क) वित्तीय संस्थाको निक्षेपकर्ताको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै स्वस्थ प्रतिस्पर्धाबाट सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय मध्यस्थता सेवा उपलब्ध गराउने ।
(ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एंव उत्पादकत्व बृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवम् कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुऱ्याउने ।
(ग) उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचित रुपमा परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एंव प्रवर्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने ।
(घ) वित्तीय सेवामा जोखिम कम गर्दै वित्तीय क्षेत्रको उदारीकरणमा मद्दत पुऱ्याई र देशको अर्थतन्त्रलाई सवल तथा सुदृढ बनाउन सहयोग पुऱ्याउने ।
(ङ) देशको समग्र वित्तीय प्रणाली प्रति सर्वसाधारणको विश्वासनियता अभिबृद्धि गर्न सहयोग पुऱ्याउने ।

५. शेयर पूँजी संरचना :

(क) अधिकृत पूँजी : यस लघुवित्त वित्तीय संस्थाको अधिकृत शेयर पूँजी रु. ५०,००,००,०००/- (अक्षरेपी पचास करोड रुपैयाँ) लाई प्रति शेयर रु.१००/- (अक्षरेपी एक सय रुपैयाँ) अंकित मूल्यका ५०,००,००० (पचास लाख) कित्ता शेयरहरुमा विभाजन गरिएको छ ।

(ख) जारी पूँजी : यस लघुवित्त वित्तीय संस्थाको जारी शेयर पूँजी रु.४०,५०,१५,६२५/- (अक्षरेपी चालिस करोड पचास लाख पन्ध्र हजार छ सय पच्चिस रुपैयाँ) हुनेछ । सो पूँजीलाई रु.१००/- का दरको ४०,५०,१५६.२५ (चालिस लाख पचास हजार एक सय छपन्न र २५/१००) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

(ग) चुक्ता पूँजी : यस वित्तीय संस्थाको चुक्ता पूँजी (बोनस शेयर जारी पश्चात्) रु. १६,२०,०६,२५०.००/- (अक्षरेपी सोह्र करोड बीस लाख छ हजार दुई सय पचास रुपैयाँ) रहेको छ । यस हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् वित्तीय संस्थाको चुक्ता पूँजी रु. ४०,५०,१५,६२५/- (अक्षरेपी चालिस करोड पचास लाख पन्ध्र हजार छ सय पैसट्ठी रुपैयाँ) हुनेछ ।

६. हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् हुने वित्तीय संस्थाको चुक्ता पूँजीको संरचना :

समूह	शेयरधनी	शेयर कित्ता	पूँजी संरचना	चुक्ता रकम रु.	भुक्तानी प्रतिशत
क	संस्थापक शेयरधनीहरु	२८,३५,१०९.३७	७०	२८,३५,१०,९३७.००	शतप्रतिशत
ख	सर्वसाधारण शेयरधनीहरु (कर्मचारी समेत)	१२,१५,०४६.८८	३०	१२,१५,०४,६८८.००	शतप्रतिशत
	जम्मा	४०,५०,१५६.२५	**१००**	४०,५०,१५,६२५.००	**शतप्रतिशत**

७. सञ्चालक तथा कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव:

क्र.सं.	संचालकहरुको नाम	पद	ठेगाना	शेयर संख्या	शैक्षिक योग्यता	अनुभव
१.	श्री उत्तम भ्लोन	अध्यक्ष	मार्खु १ मकवानपुर	२००,४८२.७३	स्नातक	● एनएमबि लघुवित्त वित्तीय संस्था लिमिटेडको अध्यक्ष पदमा २०६९ देखि हालसम्म कार्यरत । ● सिइडिबी हाईड्रोपावरको संचालक पदमा ३ वर्षदेखि कार्यरत । ● युवा उद्यमी, दिगो हिमाली अर्थतन्त्र भौतिक पूर्वाधार (जलविद्युत, पर्यटन सम्बन्धित लामो अनुभव ।
२.	श्री गोविन्द घिमिरे	संचालक - प्रतिनिधि, एनएमबि बैंक लि.	लोकन्थली, भक्तपुर	-	स्नाकोत्तर	● अक्टोबर १९९५ देखि अक्टोबर १९९७ सम्म नेपाल बङ्गलादेश बैंक लिमिटेडमा जुनियर अफिसरको रुपमा कार्य गरेको । ● अक्टोबर १९९७ देखि अप्रिल २००२ सम्म शाखा अधिकृत भई नेपाल बङ्गलादेश बैंक लिमिटेडमा कार्य गरेको । ● अप्रिल २००२ देखि अगष्ट २००२ सम्म कर्जा अधिकृतको रुपमा नेपाल बङ्गलादेश बैंक लिमिटेडमा कार्य गरेको । ● अगष्ट २००२ देखि नोभेम्बर २००६ सम्म सिनियर अधिकृतको रुपमा नेपाल बङ्गलादेश बैंक लिमिटेडमा कार्य गरेको । ● नोभेम्बर २००६ देखि जुन २००९ सम्म सहायक प्रबन्धकको रुपमा नेपाल बङ्गलादेश बैंक लिमिटेडमा कार्य गरेको । ● जुन २००९ देखि फेब्रेवरी २०१० सम्म क्षेत्रिय प्रबन्धकको रुपमा एनएमबि बैंक लिमिटेडमा कार्य गरेको । ● फेब्रेवरी २०१० देखि अप्रिल २०१२ सम्म शाखा प्रबन्धकको रुपमा एनएमबि बैंक लिमिटेडमा कार्य गरेको । ● अप्रिल २०१२ देखि जुन २०१३ सम्म Senior Relationship Manager को रुपमा एनएमबि बैंक लिमिटेडमा कार्य गरेको । ● जुन २०१३ देखि जुलाई २०१४ सम्म Head Business Banking and SME को रुपमा एनएमबि बैंक लिमिटेडमा कार्य गरेको । ● जुलाई २०१४ देखि हालसम्म Senior Manager को रुपमा एनएमबि बैंक लिमिटेडमा कार्यरत ।
३.	श्री रोमनी प्रसाद पाठक	संचालक - प्रतिनिधि, एनएमबि बैंक लि.	रुपन्देही, तिलोत्तमा	-		● मिति २०६० सालदेखि २०७२ असोजसम्म भृकुटी विकास बैंक लिमिटेडमा संचालक/अध्यक्ष पदमा रही कार्य गर्दै आउनु भएको र सो बैंक एनएमबि बैंकसँग मर्ज भए पश्चात समेत मिति २०७२ मंसिर देखि हालसम्म संचालक पदमा रहेको ।
४.	श्री दिनेश दुलाल	संचालक - प्रतिनिधि, एनएमबि बैंक लि.	गौरादह७, झापा	-	स्नाकोत्तर (MBS), एलएलबी	● सन २००१ देखि २००६ सम्म बैंक अफ काठमाडौं लिमिटेडमा वरिष्ठ सहायकको रुपमा कार्य गरेको । ● जुलाई २००६ देखि मार्च २००८ सम्म साविकको क्लिन इनर्जी डेभलपमेन्ट बैंक लिमिटेड हाल एनएमबि बैंक लिमिटेडमा कर्जा नियन्त्रण विभागमा प्रमुख भई कार्य गरेको । ● मार्च २००८ देखि २०१५ सम्मसम्म साबिकको क्लिन इनर्जी डेभलपमेन्ट बैंक लिमिटेड हुँदै एनएमबि बैंक लिमिटेडमा लघुवित्त विभाग प्रमुख भई कार्य गरी २०१५ देखि हालसम्म एनएमबि बैंक लिमिटेडमा कार्यरत ।
५.	श्री रामगोपाल पराजुली	संचालक- सर्वसाधारण शेयरधनी	काठमाण्डौ -१० काठमाण्डौ	३१७	स्नातक	● जुलाई १९७८ देखि अप्रिल १९८९ सम्म काठमाडौं शहरी विकाश आयोगमा कार्यरत । ● मे १९८९ देखि जेनवरी १९९४ सम्म UNDP फण्डेड प्रोजेक्टमा कार्यालय अन्तर्गतको परियोजनामा कार्यालय प्रबन्धकको रुपमा कार्य गरेको । ● फेब्रेवरी १९९४ देखि जेनवरी २००४ सम्म ILO Office काठमाडौंमा Senior Finance and Administrative Assistant and Programme and Administrative Support Officer भई कार्य गरेको । ● जेनवरी २००४ देखि मार्च २००९ सम्म ILO Kabul, Afganisthan मा Programme Support Officer and Programme Officer भई कार्य गरेको । ● डिसेम्बर २०१० देखि जुलाइ २०१२ स्थानीय प्रशासनमा प्रशासनिक तथा वित्त अधिकृत भई कार्य गरेको ।
६.	श्री मिमबहादुर हमाल	संचालक- सर्वसाधारण शेयरधनी	झिप्रा २, हुम्ला		स्नाकोत्तर (मानव विज्ञान)	● २०५५ सालदेखि २०६६ सालसम्म नेपाल सरकारको सरकारी सेवामा ११ वर्षको कार्य अनुभव । ● २०६२ देखि हालसमम्म विभिन्न अन्तराष्ट्रिय संघ संस्थामा कार्यरत ।
७.	श्री अच्युतदत्त पाण्डे	संचालक - व्यवसायिक विशेषज्ञ	गैरीधारा, काठमाण्डौ		कानुनमा स्नातक तथा अर्थशास्त्रमा स्नात्तकोत्तर	● राष्ट्रिय वाणिज्य बैंक लिमिटेडमा जुन १९७६ देखि जुलाई २००५ सम्म करिब २९ वर्ष अधिकृत भई कार्य गरेको । ● अगष्ट २००५ देखि अक्टोबर २००६ सम्म साविकको प्रुडेन्सियल फाइनान्स कम्पनी लि.हालको एनएमबि बैंक लि. मा General Manager को रुपमा कार्य गरेको । ● सेप्टेम्बर २०१० देखि अक्टोबर २०११ सम्म साविकको नेपाल आवास फाइनान्स लि. मा General Manager को रुपमा कार्य गरेको । ● नोभेम्बर २०१२ देखि मे २०१३ सम्म साविकको क्रिस्टल फाइनान्स लि. प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्य गरेको । ● जुन २०१३ देखि जेनवरी २०१४ सम्म साविकको पाटन फाइनान्स लि.मा प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्य गरेको ।

यस वित्तीय संस्थामा ७ जनाको संचालक समिति हुनेछ जसमा एनएमबि बैंक लिमिटेडबाट ३ जना र अन्य संस्थापकहरुबाट १ जना गरी संस्थापक समूहबाट मनोनित/निर्वाचित ४ जना, सर्वसाधारण शेयरधनीहरुबाट निर्वाचित २ जना र १ जना स्वतन्त्र व्यवसायिक विशेषज्ञ संचालक हुनेछन् ।

कार्यकारी प्रमुखको विवरण :

क्र.सं.	नाम	पद	ठेगाना	शैक्षिक योग्यता	अनुभव
१	श्री मुरली प्रसाद लम्साल	प्रमुख कार्यकारी अधिकृत	चन्द्रागिरी, तिनथाना, काठमाडौं	व्यवस्थापनमा स्नातकोत्तर (MBA)	● सन् अप्रिल १९९६ देखि नोभेम्बर २००४ सम्म नेपाल इन्स्योरेन्स कम्पनी लि. मा Development Officer को रुपमा कार्य गरेको । ● सन् नोभेम्बर २००४ देखि जुलाई २००५ सम्म एभेरेष्ट इन्स्योरेन्स कम्पनी लि.मा सहायक प्रबन्धकको रुपमा कार्य गरेको । ● जुलाई २००५ देखि जुलाई २०१० सम्म एभेरेष्ट इन्स्योरेन्स कम्पनी लि.मा उप- प्रबन्धकको रुपमा कार्य गरेको । ● जुलाई २०१० देखि फेब्रेवरी २०१४ सम्म एभेरेष्ट इन्स्योरेन्स कम्पनी लि.मा प्रबन्धकको रुपमा कार्य गरेको । ● फेब्रेवरी २०१४ देखि अप्रिल २०१५ सम्म एभेरेष्ट इन्स्योरेन्स कम्पनी लि.मा विभागिय प्रमुखको रुपमा कार्य गरेको । ● अप्रिल २०१५ देखि अक्टोबर २०१८ सम्म डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडमा उप-प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्य गरेको । ● फेब्रेवरी २०१९ देखि हालसम्म एनएमबि माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडमा प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्यरत ।

८. सञ्चालक समितिको बनौट :

माइक्रोफाइनान्स वित्तीय संस्था बैंकको नियमावलीको नियम २७ मा भएको व्यवस्था अनुसार ७ (सात) जना सञ्चालक रहेको एक सञ्चालक समितिको व्यवस्था गरिएको छ । सञ्चालक समितिमा सञ्चालक सदस्यहरुको प्रतिनिधित्व देहाय बमोजिम रहेको छ ।

संस्थापक "क" समूहका शेयरधनीहरुबाट	४ (चार) जना
सर्वसाधारण "ख" समूहका शेयरधनीहरुबाट	२ (दुई) जना
स्वतन्त्र व्यवसायिक विशेषज्ञ सञ्चालक	१ (एक) जना
जम्मा	**७ जना**

सञ्चालकहरुको कार्यकाल बढिमा ४ (चार) वर्षको हुनेछ ।

यस माइक्रोफाइनान्स वित्तीय संस्थाको सञ्चालकको पदमा नियुक्त हुनको लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा कम्तीमा १०(दश) कित्ता शेयर लिएको हुनु पर्नेछ । तर स्वतन्त्र व्यवसायिक विशेषज्ञ सञ्चालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागू हुने छैन ।

९. निष्काशन गरिने हकप्रद शेयरको संख्या र त्यसको अनुपात :

कम्पनीले हाल कायम चुक्ता पूँजी कूल साधारण शेयर संख्या १६,२०,०६२/५० कित्ताको विद्यमान १ कित्ता शेयर बराबर नयाँ १.५ कित्ता शेयर (१ : १.५) को अनुपातमा प्रति शेयर रु.१००/- को दरले जम्मा २४,३०,०९३.७५ कित्ता शेयर निष्काशन गरिनेछ ।

१०. लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम :

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मार्फत् निष्काशन तथा बिक्री गरिने हकप्रद शेयरको लागि आवेदन दिंदा यस निष्काशन प्रयोजनका लागि निष्काशन पूर्व सार्वजनिक सूचना मार्फत जानकारी गराएको मिति अर्थात हाल कायम भएका साविक शेयरधनीहरले आफ्नो नाममा कायम रहेको साधारण शेयरको १ : १.५ को अनुपातमा (विद्यमान १ कित्ता शेयर बराबर नयाँ १.५ कित्ता शेयरको दरले) प्रति शेयर रु.१००/- का दरले हुन आउने एकमुष्ट रकम भुक्तानी गरी आवेदन दिन सक्नेछन् । कुनै शेयरधनीले चाहेमा आफुले लिन पाउने हकप्रद शेयर भन्दा कम शेयरकालागि पनि आवेदन दिन पाउनेछन् ।

११. साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :

शेयरधनीहरुले आफूले प्राप्त गर्ने हकप्रद शेयरको लागि आवेदन नबुझाई वा आफ्नो हक अनुसारको शेयरभन्दा कम शेयरका लागि आवेदन बुझाई शेयर बाँकी रहेको खण्डमा यसरी बाँकी रहेका शेयरहरु धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ मा भएको व्यवस्था बमोजिम सञ्चालक समितिको निर्णयबाट अत्यन्त पारदर्शी तवरले जस्तै : लिलाम बढाबढको माध्यमबाट बिक्री वितरण गरिनेछ ।

१२. हकप्रद शेयरको अनुपात भन्दा बढि शेयर खरिद गर्न पाउने/नपाउने व्यवस्था :

शेयरधनीहरुले आफ्नो हकप्रद शेयरको अनुपात भन्दा बढी शेयर खरीद गर्न पाउने छैन तर आवेदन दिंदा हक वापतको शेयर संख्या खण्डित शेयरमा आएमा सो खण्डित शेयरलाई नजिकको माथिको पूरा शेयरमा परिणत गरी आवेदन दिन सक्नेछन ।

१३. संगठित संस्थाको विगतको तथा आगामी ३ वर्षको प्रक्षेपित वित्तीय विवरणका साथै नेटवर्थ :

वासलात

पूँजी तथा दायित्व	वास्तविक (रु.हजारमा)			* आ.व.२०७५/०७६	प्रक्षेपित (रु.हजारमा)		
	२०७२/०७३	२०७३/७४	२०७४/७५	आषाढ मसान्त	२०७६/७७	२०७७/७८	२०७८/७९
शेयर पूँजी	८५,६५२	१४०,८७५	१६२,००६	१६२,००६	४,३७,४१७	५,२४,९००	६२९,८८०
जगेडा तथा कोषहरु	२१,५५०	७६,२३१	८६,६९४	१,४३,३०९	२,२६,५७१	२९७,८४०	४००,०२४
ऋणपत्र तथा बण्ड	–	–	–	–	–	–	–
तिर्न बाँकी कर्जा सापट	८६०,५०८	१,४८५,५८३	१,६८२,०९७	१,९६०,२१६	२,७४४,३०२	४,३३५,९९८	७,१५४,३९६
निक्षेप दायित्व	१९२,७३५	४०४,१७२	६९६,५२९	१,०८२,७२१	१,४६१,६७४	१,९७३,२६०	२,६६३,९०१
प्रस्तावित नगद लाभांश	६०५	१,४८३	१,११२	–	१,७०५	४,६०४	५,५२५
आयकर दायित्व	१२०	३८८	२४३	१,१४५	४,९६५	७,१४२	९,२७८
अन्य दायित्व	१५,७७६	४०,३२३	४५,९२८	६५,६०१	७३,६३२	८२,६३६	९२,७११
कूल दायित्व	**१,१७६,९४६**	**२,१४९,०५४**	**२,६७४,५९३**	**३,४१४,९९९**	**४,९५०,२६६**	**७,२२६,३८१**	**१०,९५५,७१६**
सम्पत्ति	**वास्तविक (रु.हजारमा)**			*** आ.व.२०७५/०७६**	**प्रक्षेपित (रु.हजारमा)**		
	२०७२/०७३	२०७३/७४	२०७४/७५	आषाढ मसान्त	२०७५/७६	२०७७/७८	२०७८/७९
नगद मौज्दात	१२२	७	१६	१३०	१६५	१९७	२३४
नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	५,२३०	९,७३०	२४,२३०	१६,०३०	२१,६४१	३१,३७९	५०,२०६
बैंक / वित्तीय संस्थामा रहेको मौज्दात	२२८,८६४	३२०,६३४	४४७,८७०	२८४,३०७	२,१२,७३२	५,७८,६५८	१,६१५,२९९
माग तथा अल्प सूचनामा प्राप्त हुन रकम	–	–	–	–	–	–	–
लगानी	–	२,०००	२,०००	२,०००	२,०००	२,०००	२,०००
कर्जा सापट तथा बिल खरिद	९२७,७४९	१,७९७,१३७	२,१६७,४९१	३,०७५,६७४	४६,७३,०३१	६५,७०,६४०	९,२३९,०७८
स्थिर सम्पत्ति	८,७८१	११,५४२	२१,१७८	२५,८०७	२८,५४१	३०,१३५	३४,१९०
गैर बैंकिङ्ग सम्पत्ति	–	–	–	–	–	–	–
अन्य सम्पत्ति	६,२००	८,००४	११,८०८	११,०५२	१२,१५७	१३,३७२	१४,७१०
कूल सम्पत्ति	**१,१७६,९४६**	**२,१४९,०५४**	**२,६७४,५९३**	**३,४१४,९९९**	**४९,५०,२६६**	**७,२२६,३८१**	**१०,९५५,७१६**

* व्यवस्थापनद्वारा प्रमाणित आ.व. २०७५/७६ को अपरिष्कृत वित्तीय विवरण अनुसार ।

नाफा नोक्सान हिसाब

विवरण	वास्तविक (रु.हजारमा)			*आ.व.२०७५/०७६	प्रक्षेपित (रु.हजारमा)**		
	२०७२/०७३	२०७३/७४	२०७४/७५	आषाढ मसान्त	२०७६/७७	२०७७/७८	२०७८/७९
ब्याज आम्दानी	**१२४,३४७**	**२३८,७४५**	**३७७,०५९**	**४६८,५६५**	**६१९,८१३**	**८७०,८३४**	**१,२२६,२७०**
ब्याज खर्च	४१,२७४	१०१,१०९	२११,४४४	२६१,०६९	३४८,९१६	४७२,०९५	७२४,२६८
खुद ब्याज आम्दानी	८३,०७३	१३७,६३६	१६५,६१५	२०७,४९७	२७०,८९७	३९८,७३९	५०२,००२
कमिशन तथा अन्य सञ्चालन आम्दानी	२४,७४४	५०,४०८	६६,२२५	९४,००२	१५५,६५६	१८२,१२१	२०४,५१८
सटही घटबढ आम्दानी	–	–	–	–	–	–	–
कुल सञ्चालन आम्दानी	**१०७,८१७**	**१८८,०४४**	**२३१,८४०**	**३०१,४९८**	**४२६,५५३**	**५८०,८६०**	**७०६,५२०**
कर्मचारी खर्च	३४,२८१	७०,३९५	१०६,१०६	१३६,२८६	१९१,३८२	२२१,१४१	२५०,९५०
अन्य सञ्चालन खर्च /पूर्व संचालन खर्च	१७,१२७	३१,१७३	४६,९४६	५८,९४९	८२,०६५	९४,४७०	११५,५४८
सटही घटबढ नोक्सान	–	–	–	–	–	–	–
सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा	**५६,४०८**	**८६,४७६**	**७८,७८८**	**१०६,२६३**	**१५३,१०६**	**२६५,२४९**	**३४००२३**
सम्भावित नोक्सानी व्यवस्थाहरु	९,५४२	१५,३८०	७१,०७९	१०३,९१७		८,१२४	५,२५४
सञ्चालन मुनाफा	**४६,८६६**	**७१,०९६**	**७,७०९**	**२,३४६**	**१५३,१०६**	**२५७,१२४**	**३३४,७६९**
गैर सञ्चालन आम्दानी/खर्च	१५५	२६८	४८६	९३९	१,०३२	१,१३६	१,२४९
सम्भावित नोक्सानी व्यवस्थावाट फिर्ता	–	–	४३,४७५	९२,५४४	२४,७७८		–
नियमित कारोवारहरुवाट भएको मुनाफा	**४७,०२१**	**७१,३६४**	**५१,६७१**	**९५,८२९**	**१७८,९१७**	**२५८,२६०**	**३३६,०१८**
असामान्य कारोवारवारवाट भएको आम्दानी/खर्च	–	–	–	–	–	–	–
सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा	**४७,०२१**	**७१,३६४**	**५१,६७१**	**९५,८२९**	**१७८,९१७**	**२५८,२६०**	**३३६,०१८**
कर्मचारी बोनस व्यवस्था	४,२७५	६,४८८	४,६९७	८,७१२	१६,२६५	२३,४७८	३०,५४७
आयकर व्यवस्था	१२,८८३	१९,४७४	१४,२६७	२६,१३५	४९,६४९	७१,४२५	९२,७८२
यस वर्षको कर व्यवस्था	१३,४१९	२०,४८४	१५,२५३	–			
विगत वर्षसम्मको कर व्यवस्था	–	–	–	–	–	–	–
यस वर्षको स्थगन कर आम्दानी/खर्च	(५३६)	(१,०१०)	(९८६)	–	–	–	–
खुद नाफा/(नोक्सान)	**२९,८६४**	**४५,४०३**	**३२,७०६**	**६०,९८२**	**११३,००२**	**१६३,३५७**	**२१२,६८९**

* व्यवस्थापनद्वारा प्रमाणित आ.व. २०७५/७६ को अपरिष्कृत वित्तीय विवरण अनुसार ।

प्रक्षेपित नाफा नोक्सान हिसाब र वासलात तयार गर्दाको आधारहरु :

वित्तीय प्रक्षेपणका आधार तथा तरिका :

विवरण	आ.व. ०७५/०७६	आ.व. ०७६/०७७	आ.व. ०७७/०७८	आ.व. ०७८/०७९
१. कुल निक्षेपमा औषत बृद्धिदर (प्रतिशतमा)	५५.४५%	३५.००%	३५.००%	३५.००%
२. कुल कर्जा तथा सापटमा औषत बृद्धिदर (प्रतिशतमा)	४१.३३%	५०.०१%	४०.४०%	४०.३७%
३. कुल कर्जा तथा निक्षेप+पूँजिकोष अनुपात (प्रतिशतमा)	९४.०६%	९६.९९%	९२.९७%	८५.७७%
४. कुल आयमा औषत बृद्धिदर	२५.२९%	३०.५५%	४७.१९%	२५.९०%
५. कुल संचालन खर्चमा औषत बृद्धिदर	२७.५६%	४०.०६%	१५.४२%	१६.१२%
६. संचालन खर्च तथा कुल आम्दानी अनुपात	६६.०२%	६४.७६%	६४.११%	५४.३४%
७. खुद मुनाफामा औषत बृद्धिदर	३०.०५%	४१.४८%	३६.१८%	२१.६३%
८. निक्षेपको औषत ब्याजदर (प्रतिशतमा)	८.२५%	८.९४%	८.९४%	८.९४%
९. कर्जा तथा सापटको औषत ब्याजदर(प्रतिशतमा)	१६.३५%	१५.५०%	१५.००%	१५.००%
१०.आयकर व्यवस्था (प्रतिशतमा)	३०%	३०%	३०%	३०%
११. निष्कृय कर्जा सापठ (प्रतिशतमा)	२.०२%	२.०१%	१.८६%	१.३०%
१२. अन्य संचालन खर्चका वृद्धिदर	२५.५७%	३९.२१%	१५.१२%	२२.३१%
१३. कर्मचारी खर्चमा बृद्धिदर	२८.४४%	४०.४३%	१५.५५%	१३.४८%
१४. अनिवार्य मौज्दात अनुपात	०.५३%	०.५१%	०.५०%	०.५१%
१५. बैधानिक तरलता अनुपात	२७.७५%	१६.०५%	३०.९३%	६२.५३%
१५. प्रतिशेयर आम्दानी (रु)	३७.६४	३१.७१	३१.१२	३३.७७

वित्तिय प्रक्षेपणका प्रमुख आधारहरु :

१) वित्तीय प्रक्षेपणका आधारभूत लेखानीति

नेपाल राष्ट्र बैंकले जारी गरेका निर्देशनहरुमा आधाररित रहेर वित्तीय विवरण तयार गर्ने संस्थाको नीति रहेको र प्रस्तुत वित्तीय प्रक्षेपण गर्दा संस्थाले अघिल्ला आ.व.हरुमा अवलम्बन गर्दै आएको लेखानीतिलाई नै आधार मानिएको छ ।

२) कर्जा तथा सापट :

आ.व. २०७४/७५ को आषाढ मसान्तको तुलनामा आ.व.०७५/७६ को आषाढ मसान्तसम्म-अपरिष्कृत) कर्जाको बृद्धिदर ४१.३३ प्रतिशत भएको तथा व्यवस्थापनले गरेको योजना अनुसार २०७६/७७, २०७७/७८ र २०७८/७९ मा क्रमश : ५०.०१, ४०.४० र ४०.३७ प्रतिशतले कुल कर्जा वृद्धि हुने प्रक्षेपण गरिएको छ । कर्जा तथा सापटमा प्राप्त हुने औसत ब्याज दर आ.व. २०७५/७६ मा १६.३५ प्रतिशत रहेको र २०७६/७७ मा १५.५ तथा २०७७/७८ र २०७८/७९ को लागि १५ प्रतिशत हुने अनुमान गरिएको छ । संस्थाले आफ्नो प्राथमिक पूँजीको बढीमा ३० गुणसम्म वित्तीय स्रोत परिचालन गर्न सक्ने नेपाल राष्ट्र बैंकको निर्देशन अनुरुप रहने गरी कर्जा तथा सापटको प्रक्षेपण गरिएको छ । संस्थाको निष्कृय कर्जा आ.व.२०७५/७६ मा २.०२ प्रतिशत रहेको र २०७६/७७, २०७७/७८ र २०७८/७९ मा कुल कर्जा तथा सापटको क्रमश २.०१, १.८६र १.०३ प्रतिशत कायम रहने अनुमान गरिएको छ । साथै कर्जा तथा सापटीलाई सुरक्षण गर्ने नीति पनि लिइएको छ । साथै प्रक्षेपित वर्षहरुको कर्जा सापट वापतको सम्भावित नोक्सानी व्यवस्था र व्यवस्थाबाट फिर्तालाई समायोजन गरी खुद रकममा प्रस्तुत गरिएको छ ।

३) निक्षेप :

संस्थाको व्यवस्थापनले गरेको योजना अनुसार आ.व. २०७६/७७, २०७७/७८ र २०७८/७९ मा ३५ प्रतिशले कुल निक्षेप बृद्धि हुने प्रक्षेपण गरिएको छ । निक्षेप दायित्वमा तिर्नुपर्ने औसत ब्याजदर आ.व. २०७५/७६ मा ८.२५ प्रतिशत रहेको र २०७६/७७, २०७७/७८ र २०७८/७९ को लागि ८.९४ प्रतिशत कायम रहने अनुमान गरिएको छ ।

४) तरलता :

नेपाल राष्ट्र बैंकले व्यवस्था गरेको वैधानिक तरलता अनुपात (Statutory Liquidity Ratio) आ.व. २०७६/७७, २०७७/७८ र २०७८/७९ को लागि क्रमश :.१६.०५, ३०.९३ र ६२.५३ प्रतिशत कायम हुने गरी लगानी प्रक्षेपण गरिएको छ ।

नेपाल राष्ट्र बैंकले व्यवस्था गरेको अनिवार्य मौज्दात (Cash Reserve Requirement) आ.व. २०७६/७७, २०७७/७८ र २०७८/७९ को लागि क्रमश :.०.५१, ०.५० र ०.५१ प्रतिशत कायम हुने गरी लगानी प्रक्षेपण गरिएको छ ।

५) संस्थाको खुद नाफाको १० प्रतिशत रकम कर्मचारी बोनस व्यवस्थाको लागि छुट्याइएको छ ।
६) आउँदो वर्षहरुको लागि बैंकले आर्जन गर्ने नाफामा ३० प्रतिशतको दरले आयकरको लागी व्यवस्था गरिएको छ ।
७) गत वर्षहरुको वास्तविक आंकडा, यस वर्षको संचालन अवस्था तथा आउदो वर्षको संचालन योजनाको आधारमा व्यवस्थापन द्वारा वित्तीय विवरण प्रक्षेपण गरिएको हो ।
८) अग्रिम आयकर हिसाबसंग आयकर दायित्वको समायोजन र लिनुपर्ने व्याजसंग व्याज मुल्तबी हिसाबसंगको समायोजनले गंदा आ.व. २०७५/६७ को अपरिष्कृत विवरण प्रकाशित विवरणसंग फरक रहेको छ ।
९) नेटवर्थ गणना प्रयोजनार्थ शेयर पूँजी रकम भन्नाले सम्बन्धित आ.व.को चुत्ता पूँजी र प्रस्तवित वोनस शेयरको योग रकम रहेको छ भने शेयर संख्यामा सो वर्षको अन्त्यको शेयर संख्याको मौज्दात रहेको छ ।
१०) पूँजी पर्याप्तता (Capital Adequacy) को मात्र नेपाल राष्ट्र बैंकले तोकेको अनुपात अनुरुप रहने गरी प्रक्षेपण गरिएको छ । जस अनुरुप पूँजिकोषको अनुपात आ.व. २०७६/७७, २०७७/७८ र २०७८/७९ को लागि क्रमश: १३.८७, १२.३४ र ११.०८ प्रतिशत र प्राथमिक पूँजीको अनुमात आ.व. २०७६/७७, २०७७/७८ र २०७८/७९ को लागि क्रमश १३.६४, १२.१० र १०.८४ प्रतिशत हुनेगरी प्रक्षेपण गरिएको छ ।

कम्पनीको वित्तीय व्यवस्था र सबै दायित्व सारी सकेपछि खुद बाँकी सम्पत्ति (नेटवर्थ)

(रु. हजारमा)

विवरण	वास्तविक (रु.हजारमा)			* आ.व.०७५/७६	प्रक्षेपित (रु. हजारमा) **		
	आ.व. ०७२/०७३	आ.व. ०७३/०७४	आ.व. ०७४/०७५	आषाढ अपरिष्कृत	आ.व. ०७६/०७७	आ.व. ०७७/०७८	आ.व. ०७८/०७९
चुक्ता पूँजी	८५,६५२	१४०,८७५	१६२,००६	१६२,००६	४३७,४१७	५२४,९००	६२९,८८०
जगेडा तथा कोषहरु	२१,५५०	७१,३९४	८०,२१६	१३९,९७९	२२१,९५४	२९१,७७७	३९२,६७१
जम्मा	**१०७,२०२**	**२१२,२६९**	**२४२,२२३**	**३०१,९८५**	**६५९,६७१**	**८१६,६७७**	**१,०२२,५५१**
अपलेखन हुन बाँकी खर्च	–	१,१६९	५८५	–	–	–	–
कुल नेटवोर्थ	**१०७,२०२**	**२११,१००**	**२४१,६३८**	**३०१,९८५**	**६५९,३७१**	**८१६,६७७**	**१,०२२,५५१**
शेयर संख्या (हजारमा)	८५६.५२	१,४०८.७५	१,६२०.०६	१,६२०.०६	४,०५०.१६	४,३७४.१७	५,२४९.००
प्रति शेयर नेटवोर्थ (रु.)	१२५.१६	१८७.३१	१७१.५३	१८६.४०	१६०.८०	१८६.७०	१९४.८६
प्रति शेयर आम्दानी (रु.)	३४.८६	३२.२३	२०.१९	३७.६४	२७.९०	३७.३५	४०.५२
प्रति शेयर चुक्ता पूँजी (रु.)	१००	१००	१००	१००	१००	१००	१००
नेटवोर्थमा प्रतिफल (%)	२७.८५	२१.५१	१८.७९	२०.१९	१९.४७	१६.६७	१७.३३

निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल (Minimum return on increased networth required to maintain pre issue EPS) =33.62%

* व्यवस्थापनद्वारा प्रमाणित आ.व. २०७५/७६ को अपरिष्कृत वित्तीय विवरण अनुसार ।

* प्रक्षेपितवित्तीय विवरण लघुवित्त वित्तीय संस्था स्वयंले तयार गरेको हो र सो वित्तीय विवरणहरु पुनरावलोकन गरी ठीक छ भनी पि एम एण्ड एसोसियट्सका चार्टर्ड एकाउण्टेण्ट श्री पारस मणि अर्यालले प्रमाणित गर्नुभएको हो र यी विवरणहरु औचित्यपूर्ण र यथार्थपरक रहेको यस लघुवित्त वित्तीय संस्थाको उद्घोषणा रहेको छ ।

१४. संगठित संस्थाले गर्ने भएको काममा निहित सम्भावित जोखिमहरु :

(क) वित्तीय संस्थाले प्रदान गरेको कर्जा तथा सापट खराब हुन गएमा स्वभाविक रुपमा हुनसक्ने जोखिमहरु ।
(ख) नयाँ बैंक तथा वित्तीय संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुनसक्ने जोखिमहरु ।
(ग) नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजना हुनसक्ने जोखिमहरु ।
(घ) निक्षेप तथा कर्जाको व्याजदरमा आउने परिवर्तनबाट हुनसक्ने जोखिमहरु ।
(ङ) पुँजी बजारको अवस्थामा आउने उतार-चढावबाट पर्नसक्ने जोखिमहरु ।
(च) देशको राजनैतिक तथा आर्थिक अवस्थामा आउने उतार-चढावबाट पर्नसक्ने जोखिमहरु ।
(छ) अन्तर्राष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाली बजारमा पर्नसक्ने असरबाट हुनसक्ने आर्थिक जोखिमहरु ।

वित्तीय संस्थाको कर्जा तथा सापट र लगानी खराब भई हुन सक्ने जोखिमहरुको लागि लघुवित्त वित्तीय संस्थाले कर्जा जोखिम कोष, लगानीमा सम्भावित हानी-नोक्सानी वापतको व्यवस्था जस्ता कोषहरुको व्यवस्था गरेको छ । लघुवित्त वित्तीय संस्थाले वित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति विकासमा आवश्यक ध्यान पुऱ्याएको छ । यस बाहेकका व्यवसायिक जोखिमहरुबाट श्रृजना हुनसक्ने हानी-नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी-नोक्सानी कम गर्न सक्षम तथा प्रतिबद्ध छ ।

धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम :

निष्काशन गरिएको शेयर मूल्य रु. १००/- प्रति शेयरका दरले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

१५. धितोपत्र बाँडफाँट सम्बन्धी व्यवस्था :

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २१ ले गरेको व्यवस्था बमोजिम माइक्रोफाइनान्स वित्तीय संस्थाले आफ्नो शेयरधनीहरुमा हकप्रद आधारमा खरीद आव्हान गरेको शेयर बिक्री बन्द भएको मितिले बढीमा तीस दिनभित्र बाँडफाँड गरी सम्बन्धित शेयरधनीहरुलाई बाँडफाँड पत्र र फिर्ता भुक्तानी दिने व्यवस्था गरी सो को सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्नेछ । यसरी बाँडफाँड भए पश्चात् नेपाल स्टक एक्सेञ्ज लिमिटेडमा सूचिकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता गराई नेपाल धितोपत्र बोर्डको निर्देशन बमोजिम निर्धारित अवधि भित्र बाँडफाँडमा परेका शेयरधनीहरुलाई हकप्रद शेयरको कित्ता निजहरुको हितग्राही खातामा सोझै जम्मा गरिनेछ ।

१६. शेयर सूचीकरण गराउने सम्बन्धी व्यवस्था :

वित्तीय संस्थाले आफ्ना शेयरधनीहरुमा हकप्रद शेयर खरीद आव्हान गरेको आधारमा हकप्रद शेयर बिक्री बन्द भएको मितिले नेपाल धितोपत्र बोर्डको निर्देशिकाले तोके बमोजिमको दिनभित्र हकप्रद शेयरको बाँडफाँड पश्चात् बोर्डको निर्देशन बमोजिम निर्धारित अवधिभित्र बाँडफाँडमा परेका शेयरधनीहरुलाई शेयरधनीहरुको माग अनुसार हकप्रद शेयरको प्रमाण-पत्र वितरण गरी वा हितग्राही खाता भएका शेयरधनीहरुलाई निष्काशित शेयरहरु नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, काठमाडौंमा प्रचलित सूचीकरण सम्बन्धी व्यवस्थामा भएको प्रावधान अनुसार सूचीकरण गराई सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता गरी हकप्रद शेयरको खरीद बिक्रीको व्यवस्था मिलाइने छ ।

१७. धितोपत्र खरिद गर्न चाहने साविक शेयरधनीहरुले पालना गर्नुपर्ने केहि मुख्य कुराहरु :

(१) हकप्रद शेयरको लागि दरखास्त दिंदा आफ्नो नाममा कायम शेयरको १ : १.५ को अनुपातमा (विद्यमान १ कित्ता शेयर बराबर नयाँ १.५ कित्ता शेयरको दरले) शेयर खरिदका लागि दरखास्त दिन सक्नेछन् । आफ्नो शेयर अभौतिक रुपमा धारण गरेका शेयरधनीले सि-आस्बा मार्फत आफ्नो खाता रहेको बैंकबाट वा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडले उपलब्ध गराएको "मेरो शेयर" मार्फत पनि आवेदन दिन सक्नेछन् । यसरी सि-आस्वा तथा मेरो शेयर मार्फत आवेदन दिने प्रक्रिया "धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतिय सेवा कार्य सञ्चालन निर्देशिका, २०७४ मा भएको व्यवस्था बमोजिम हुनेछ ।
(२) प्रत्येक शेयरधनीले शेयरको हकप्रद निष्काशनका लागि दरखास्त दिंदा माइक्रोफाइनान्स वित्तीय संस्थाद्वारा तोकिएको निर्दिष्ट ढाँचामा आफ्नो शेयरधनी नम्बर/हितग्राही परिचय नं., हाल कायम रहेको शेयर संख्या, आफूले खरीद गर्न पाउने अथवा मागेको हकप्रद शेयर संख्या र सो बराबरको रकम समेत खुलाई रितपूर्वक तोकिए बमोजिमको ढाँचामा आवेदन दिनुपर्नेछ ।
(३) आवेदकले आवेदन फारम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्टसंग आवेदन फारम भरी बुझाउनु पर्नेछ :
  क) आवेदकको पुरा नाम (नेपाली तथा अंग्रेजी दुवै),
  ख) आवेदकको बाबु, आमा तथा बाजेको नाम,
  ग) आवेदक विवाहित भएमा श्रीमान वा श्रीमतीको नाम,
  घ) आवेदकको स्थायी ठेगाना,
  ङ) आवेदकको सम्पर्क ठेगाना र टेलिफोन वा मोबाइल नम्बर,
  च) आवेदकको खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना, तथा खाता नम्बर,
  छ) धितोपत्र अभौतिकिकरण गर्ने (डिम्याट) खाता नम्बर,
  ज) आवेदकले लिन चाहेको शेयर संख्या तथा सो वापत जम्मा गरेको रकम
  झ) आवेदकको हस्ताक्षर (नावालकको हकमा अभिभावकको हस्ताक्षर)
  ञ) आवेदन फाराम रद्द हुन सक्ने कारण सम्बन्धी जानकारी,
  ट) लगानीकर्ताको परिचयपत्रको व्यवस्था गरिएकोमा त्यस्तो परिचयपत्र नम्बर,
  ठ) आवेदन फाराम बुझाएको संकलन केन्द्रको नाम तथा ठेगाना,
  ड) आवेदन फाराम बुझाएको मिति,
(४) दरखास्तसाथ प्रति शेयर रु. १००।- को दरले आफूले हकप्रद आधारमा माथि ब (१) मा उल्लेख भए अनुसार खरीद गर्न पाउने शेयर संख्यालाई गुणन गर्दा हुन आउने बराबरको एकमुष्ठ नगद रकम वा सो बराबरको रकम बैंकमा जम्मा गरेको भौचर वा ड्राफ्ट संलग्न भएको हुनुपर्नेछ । भौचर वा बैंक ड्राफ्ट मार्फत् रकम जम्मा गर्दा भौचर वा ड्राफ्ट नम्बर शेयर आवेदन फारममा अनिवार्य रुपमा खुलाउनु पर्नेछ ।
(५) यस हकप्रद शेयर निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मिति २०७६/००/०० गतेभन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुले मात्र यस हकप्रद निष्काशनमा दरखास्त दिन सक्नेछन् । शेयरधनी दर्ता पुस्तिका बन्द भए पश्चात् शेयर खरीद गर्ने शेयरधनीहरु यस हकप्रद निष्काशनका लागि आवेदन दिन योग्य हुने छैनन् ।
(६) शेयरधनीहरुले तोकिएको समय/अवधि भित्र शेयरका लागि दरखास्त दिनुपर्नेछ । यदि कुनै शेयरधनीबाट तोकिएको समय/अवधि भित्र शेयरका लागि दरखास्त प्राप्त हुन नआएमा त्यस्तो दरखास्तलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन ।
(७) "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख गरिए बमोजिम तोकिएको म्यादभित्र दरखास्त नदिने तथा दरखास्त दिए पनि माग गरिए बमोजिम तोकिएको रकम नबुझाउने शेयरधनीहरुलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन र सोमा कसैको कुनै पनि प्रकारको दाबी विरोध लाग्नेछैन ।
(८) यस हकप्रद शेयर निष्काशनको समयमा कुनै विवाद भएमा वा ऊजुरी परेमा सो को निवारणका लागि कम्पनीको संचालक समितिको निर्णय नै अन्तिम हुनेछ ।
(९) प्रत्येक शेयरधनीले भौतिक तथा अभौतिक (डिम्याट) रुपमा रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा आवेदकको शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएतापनि एउटै आवेदन फाराम मार्फत दरखास्त दिनुपर्नेछ ।

१८. आफनो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु :

हकप्रद शेयरको लागि कम्पनीको प्रबन्धपत्र तथा नियमावलीहरुमा हक हस्तान्तरण सम्बन्धी व्यवस्था थप गरि संशोधन गरिएको छ । हाल कायम शेयरधनीले "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" को नियम १९ को १ बमोजिम हकप्रद शेयर खरिद गर्न नसकेमा वा आफ्नो हक लाग्ने शेयर अरुलाई बिक्री वितरण वा हक हस्तान्तरण गरेको अवस्थामा निजको हक लाग्ने सम्मको हकप्रद शेयर खरिद गर्न पाउने छन् । उक्त हकप्रद शेयरको हक हस्तान्तरण गर्न संगठित संस्थाले देहाय अनुसारको व्यवस्था पूरा गरी शेयरधनीहरुले उक्त नियमावलीमा तोकिएको ढांचा बमोजिमको निवेदन सम्बन्धित संगठित संस्था समक्ष दिने व्यवस्था गर्नुपर्नेछ ।

(क) साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिद गर्ने हक अन्य कुनै व्यक्तिलाई हस्तान्तरण गर्ने सम्बन्धी व्यवस्था प्रबन्धपत्र, नियमावलीमा भएको ,
(ख) मनोनयन भै शेयरको लागि आवेदन गर्दा धितोपत्र बजारको कारोबार इकाई अनुसार हुने व्यवस्था गरिएको,
(ग) कम्पनीको प्रबन्धपत्र, नियमावलीमा भएको व्यवस्था तथा सम्बन्धित नियमनकर्ताले स्वामित्व सीमा तोकेको अवस्थामा पहिले लिएको वा पछि ग्रहण गरिने शेयर समेत कूल शेयर संख्या सो सीमा ननाघ्ने गरी मात्र मनोनीत हुनेले शेयरका लागि आवेदन गर्न सक्ने व्यवस्था गरिएको,
(घ) संगठित संस्थाको प्रबन्धपत्र र नियमावलीको व्यवस्था अनुसार स्वामित्व तथा संचालक समिति समूहकृत गरिएको भएमा सोही समूहभित्र रहने गरी मात्र मनोनयन गर्न सकिने र मनोनयन गरेपछि कम्पनीको शेयर स्वामित्वको संरचना र संचालक समितिको बनौटमा परिवर्तन हुने भएमा सम्बन्धित ऐन, नियमले तोकेको स्वामित्व सीमाभित्र रहने गरी परिवर्तन हुने व्यवस्था तथा मताधिकार सम्बन्धी स्पष्ट व्यवस्था भएको,
(ङ) प्रचलित कानुन अनुरुप मनोनीत हुने व्यक्ति वा संस्था कालो सूचीमा नरहेको,
(च) प्रचलित कानुन बमोजिम मनोनीत हुने व्यक्ति वा संस्था अयोग्य नभएको,
(छ) मनोनीत दर्ता एक व्यक्तिलाई मात्र मनोनीत गर्नु पर्नेछ ।

साथै "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" को नियम १९ को ३ बमोजिम मनोनयनका लागि निवेदन दिंदा निवेदनका साथ हस्तान्तरण गरी लिइने धितोपत्रको चुक्ता रकमको एक प्रतिशत रकमले हुन आउने रकम मनोनयन गरिदिने शेयरधनीले बुझाएको शुल्क समेत समावेश गरिएको हुनुपर्ने छ ।

१९. हकप्रद शेयर जारी गर्नुको उद्देश्य :

(क) प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख गरिएका उद्देश्यहरु अनुरुप गर्नु पर्ने कार्यहरुको लागि आवश्यक पर्ने पूँजी जुटाउने ।
(ख) बढ्दो प्रतिस्पर्धाको सामना गर्न लघुवित्त वित्तीय संस्थालाई सक्षम बनाई कारोवार बृद्धि गर्न तथा ग्राहकहरुको लघुवित्त वित्तीय संस्थाप्रतिको विश्वसनियतालाई बृद्धि गर्न ।
(ग) माइक्रोफाइनान्स वित्तीय संस्थाको व्यवसाय विस्तारको लागि आवश्यक पूँजीको व्यवस्था गर्न ।

२०. हकप्रद शेयर बिक्री खुल्ला अवधि :

हकप्रद शेयरको लागि दरखास्त लिने कार्य कम्तीमा पैंतिस दिनका लागि खुल्ला राखिनेछ । सो अवधिभित्र निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" को नियम १८ बमोजिम नेपाल धितोपत्र बोर्डलाई अग्रिम जानकारी दिई यस कम्पनीले सूचना प्रकाशन गरी बढीमा थप पन्ध्र दिनका लागि धितोपत्रको दरखास्त खुल्ला राख्न सकिनेछ ।

२१. हकप्रद शेयर खरिदका लागि दरखास्त पाईने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै हकप्रद शेयर खरिदका लागि तयार गरिएको हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु प्राप्त वा हेर्न सकिने स्थानहरु :

(क) विवरणपत्र फारम प्राप्त गर्ने र बुझाउने स्थान :

क्र.स	कम्पनीको नाम, ठेगाना
१.	सनराईज क्यापिटल लिमिटेड, कमलपोखरी, काठमाडौं ।
२.	एनएमबि माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड, पोखरा -२५, मिलनचोक, हेम्जा, कास्की

(ख) दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान:

क्र.स	कम्पनीको नाम, ठेगाना
१.	सनराईज क्यापिटल लिमिटेड, कमलपोखरी, काठमाडौं ।
२.	सनराईज बैंक लिमिटेडका शाखा कार्यालयहरु ।
३.	सि -आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु ।

साथै, शेयरधनीले आफुले ग्रहण गरेको शेयरको संख्या र सो को अनुपातमा आवेदन गर्न पाउने हकप्रद शेयर संख्याका सम्बन्धमा निष्काशन तथा बिक्री प्रवन्धकको वेवसाईट www.sunrisecapital.com.np तथा निष्काशन कम्पनीको वेवसाईट www.nmbmicrofinance.com मा समेत हेर्न सकिनेछ । त्यसैगरी सिडिएससीबाट उपलब्ध गराईएको "मेरो शेयर" को सुविधा उपयोग गर्नुभएका शेयरधनीहरुले "मेरो शेयर" बाट लगईन गरेर पनि हकप्रद शेयरको विवरण थाहा पाउन तथा आवेदन गर्न समेत सकिनेछ ।

२२. निष्काशन बैंक (Banker to the Issue) सम्बन्धी विवरण :

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मार्फत निष्काशित हकप्रद शेयरहरुको लागि निष्काशन बैंक (Bankers to the Issue) को रुपमा सनराईज बैंक लिमिटेड, कमलपोखरी, काठमाडौंलाई तोकिएको छ । नेपाल धितोपत्र बोर्डलाई तीन दिन अगाडि जानकारी गराई अन्य वाणिज्य बैंक तथा राष्ट्रिय स्तरको विकास बैंकहरुलाई समेत आवश्यकता अनुसार निष्काशन बैंक तोक्न सकिनेछ ।

दरखास्त फारमको नमुना :



दरखास्त फाराममा निवेदकको आफ्नै खाता रहेको बैंक/ वित्तीय संस्थाको नाम शाखा र खाता नं. अनिवार्य रुपमा खुलाउनु पर्नेछ ।

एनएमवि लघुवित्त वित्तीय संस्था लि.
NMB Laghubitta Bittiya Sanstha Ltd.
नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था (राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)
कास्की जिल्ला, पोखरा महानगरपालिका, वडा नं. २५, मिलन चोक
फोन नं: ९७७-०६१-४००४२७/४००४७७, फ्याक्स नं: ९७७-०६१-४००४२८
URL: www.nmbmicrofinance.com, Email: info@nmbmicrofinance.com
को

सि.नं.
कोड नं. ☐☐☐
शेयरधनी नं./ परिचय नं. ☐

हकप्रद शेयर खरीद दरखास्त फाराम

मार्फत: धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक: सनराइज क्यापिटल लिमिटेड SUNRISE CAPITAL LTD. Subsidiary of SUNRISE BANK LIMITED

हितग्राही खाता नं. DP ID ☐ Client ID ☐

श्री सञ्चालक समिति,
एनएमवि लघुवित्त वित्तीय संस्था लि.
कास्की जिल्ला, पोखरा महानगरपालिका, वडा नं. २५, मिलन चोक

यस कम्पनीको २४,३०,०९३.७५ कित्ता बराबरको हकप्रद शेयरको निष्काशन प्रयोजनको लागि प्रकाशित हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरुको शर्त अनुसार कम्पनीले आफ्ना शेयरधनी दर्ता पुस्तिका बन्द गरेको मिति २०७६/०७/०७ भन्दा अघिल्लो दिनसम्म मेरो/ हाम्रो नाममा कायम अभौतिक .... कित्ता र भौतिक .... कित्ता शेयरको १:१.५ (अर्थात् विद्यमान १ कित्ता शेयर बराबर नयाँ १ दशमलव ५ कित्ता हकप्रद शेयर) को अनुपातले हुन आउने.......................... कित्ता हकप्रद शेयर खरीद गर्न मेरो/हाम्रो रहेको तथा त्यसमा बाहेक हक हस्तान्तरणबाट प्राप्त भएको .... कित्ता शेयर खरीद गर्ने इच्छा भएकोले प्रति शेयर रु. १००/- का दरले हुन आउने जम्मा रकम रु. ....(अक्षरेपी................................ ....मात्र) को भौचर/ड्राफ्ट संलग्न गरी तल उल्लेखित विस्तृत विवरण सहित यो निवेदन गरेको छु/छौं । कम्पनीका नियमानुसार गर्न मेरो/हाम्रो मञ्जुरी भएको उल्लेखित हकप्रद शेयर पाउन अनुरोध गर्दछु/गर्दछौं ।

विवरण	भौतिक कित्ता (प्रमाण-पत्र रहेको हकमा)	अभौतिक कित्ता (डिम्याट खातामा रहेको हकमा)	जम्मा शेयर कित्ता
साविक कायम रहेको शेयर कित्ता			
लिन चाहेको हकप्रद शेयर कित्ता			
हक हस्तान्तरणबाट प्राप्त भएको हक बराबर लिन चाहेको शेयर कित्ता			
जम्मा लिन चाहेको हकप्रद शेयर कित्ता			

हक हस्तान्तरण गरिदिने शेयरधनीको शेयरधनी नं./हितग्राही नं. D.P. ID ☐ Client ID ☐ शेयरधनी नं.
प्रति शेयर रु.१०० /- ले बुझाएको रकम रु. अक्षरमा:
दरखास्त बुझाएको मिति २०७६/ / चेक नं/रसिद/भौचर नं:
रकम बुझाएको बैंक/कम्पनीको नाम ठेगाना
चेक खिचिएको बैंकको नाम चेक नं.
निवेदक स्वयंको खाता रहेको बैंक/ वित्तीय संस्थाको नाम
निवेदक स्वयंको खाता रहेको बैंक/ वित्तीय संस्थाको खाता नं.
निवेदकको पुरा नाम: नेपालीमा श्री/श्रीमती/सुश्री/नाबालक; In English Mr./Mrs./Miss/Minor USE CAPITAL LETTER
ठेगाना घर नं. गा.पा./न.पा. जिल्ला वडा नं
Address House No. R.M./ Municipality District Ward No.
सम्पर्क ठेगाना Mob.No. ना.प्र. जारी जिल्ला
PAN No. Phone No. Email ID
बाबुको नाम
Father's Name
बाजेको नाम
Grandfather's Name
संरक्षकको नाम (नावालकको हकमा)

नोट:
१. शेयरधनी नं.अनिवार्य रुपले उल्लेख गर्नुपर्नेछ ।
२. हक हस्तान्तरणबाट प्राप्त भएको हक सम्बन्धमा आधिकारिक लिस्सा दरखास्त साथ अनिवार्य रुपमा संलग्न हुनुपर्नेछ ।
३. Demat भएमा शेयरधनीले अनिवार्य रुपमा DP ID र Client ID दुवै उल्लेख गर्नुपर्नेछ तथा आफ्नो Demat खाताको Statement समेत संलग्न गर्नुहुन अनुरोध छ ।
४. रितपूर्वक नभरिएको दरखास्त हकप्रद शेयर बाँडफाँडमा समावेश गरिने छैन साथै चेक भुक्तान नभएमा दरखास्त फाराम स्वत रद्द हुनेछ ।
५. आफ्नो हक हस्तान्तरण (Renounce) गर्न चाहनुहुने शेयरधनीहरुले धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची ११ को ढाँचा बमोजिम निवेदनमा हक हस्तान्तरण गरी दिनेको दस्तखत प्रमाणित गरी दरखास्त फारामसाथ संलग्न गर्नुपर्नेछ ।

निवेदकको दस्तखत (Applicant's Signature)
नाबालकको हकमा संरक्षकको दस्तखत

यो रसिद हराई अर्काले भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ ।

मार्फत: धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक: सनराइज क्यापिटल लिमिटेड SUNRISE CAPITAL LTD. Subsidiary of SUNRISE BANK LIMITED
रसिद
दरखास्तवालाले भर्नुपर्ने
सि.नं.:

Applicant's Name :
Company's Name : NMB LAGHUBITTA BITTIYA SANSTHA LIMITED
No. of Share Applied ☐ Call Money per share Rs. 100/- Amount Deposited (Rs.) ☐
Amount in words:

निवेदकको दस्तखत (Applicant's Signature)
नाबालकको हकमा संरक्षकको दस्तखत

For Official use Only:
चेक भुक्तान नभएमा दरखास्त फारम स्वत: रद्द हुनेछ ।
Shareholder's No. ☐ Code No.: ☐☐☐
Received by:
हितग्राही खाता नं. DP ID ☐ Client ID ☐
Date: Stamp

धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक:

सन्‌राइज क्यापिटल लिमिटेड
SUNRISE CAPITAL LTD.
Subsidiary of SUNRISE BANK LIMITED
पो.ब.नं. १२०५५, कमलपोखरी, काठमाडौं ।
फोन नं. ०१-४४२८६६० फ्याक्स: ०१-४४२८६८८
Email: info@sunrisecapital.com.np
Web: www.sunrisecapital.com.np